आज मिति २०७४ साल फागुन महिनाको २३ गते बुधबार शिवालय गाउँ कार्यपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी विभिन्न प्रस्तावहरु उपर छलफल गरी आवश्यक निर्णय गरियोः

**उपस्थितिः**

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान बहादुर पुन | वडा अध्यक्ष वडा नं १ |
| श्री प्रेम बहादुर बस्नेत | वडा अध्यक्ष वडा नं २ |
| श्री प्रेमदेव शर्मा | वडा अध्यक्ष वडा नं ३ |
| श्री तेज बहादुर बुढा | वडा अध्यक्ष वडा नं ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडा अध्यक्ष वडा नं ५ |
| श्री भक्त बहादुर थापा मगर | वडा अध्यक्ष वडा नं ६ |
| श्री विरवल खत्री | वडा अध्यक्ष वडा नं ७ |
| श्री जसविर वली | वडा अध्यक्ष वडा नं ८ |
| श्री दिपक बहादर खड्का | वडा अध्यक्ष वडा नं ९ |
| श्री शेर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो बादी | कार्यपालिका सदस्य |
| श्री सृजना रेग्मी | कार्यपालिका सदस्य |
| श्री बालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री विपना बुढा | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री रविन्द्र बुढा क्षेत्री | सदस्य सचिव |

## प्रस्तावहरुः

१। मयलतडा झोलुंगे पुलमा समपूरक कोषबाट रकम विनियोजन गर्ने सम्बन्धमा ।

२। जिल्ला खेलकूद विकास समितिलाई रकम उपलब्ध गराउने सम्बन्धमा ।

३। विद्यालय तथा अन्य संस्थाहरुलाई उपलब्ध गराउने निर्णय गरिएको रकमको शीर्षक सम्बन्धमा ।

४। उपभोक्ता समितिको पदाधिकारीलाई अभिमुखीकरण तालिम दिने सम्बन्धमा ।

५। क्रमागत योजनाको लागि रकम विनियोजन सम्बन्धमा ।

६। मौलापूजाको लागि रकम विनियोजन सम्बन्धमा ।

७। रकम अभाव भएका योजनालाई रकम विनियोजन सम्बन्धमा ।

८। प्रहरी कार्यालयका लागि जग्गा खरिदवापत्को रकम अनुमोदन सम्बन्धमा ।

९। समपूरक कोषको रकम विनियोजन सम्बन्धमा ।

१०। शिवालय खानेपानी योजनाको मुहान छनौट सम्बन्धमा ।

११। गाउँ सभाको तयारी सम्बन्धमा ।

१२। पिछडिएको क्षेत्र सिफारिस दस्तुर घटाउने सम्बन्धमा ।

१३. वडा कार्यालय तथा गाउँपालिकाका कार्यालय व्यवस्थापनका लागि सोलार सिस्टम वापत्को रकम भुक्तानी सम्बन्धमा ।

१४. कम्प्युटर तथा प्रिन्टरको खर्च अनुमोदन सम्बन्धमा ।

१५. मोटरसाइकलका लागि इन्धन लुब्रिकेन्ट तथा मर्मत सम्बन्धी मापदण्ड सम्बन्धमा ।

१६. विपद् व्यवस्थापन समिति गठन सम्बन्धमा ।

१७. आँखा तथा कान शिविरको रकम भुक्तानी सम्बन्धमा ।

१८. विविध ।

**निर्णयहरु**

**निर्णय नं. १** प्रस्ताव नं. १ मा छलफल गर्दा यस गाउँपालिकाको वडा नं. २ र ८ जोड्ने मयलतडा झोलुंगे पुलका लागि शिवालय गाउँपालिकाबाट उपलब्ध गराउनुपर्ने रकम रु. २०८३२०.५८ समपूरक कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २.** प्रस्ताव नं. २ मा छलफल गर्दा यस गाउँपालिकामा जिल्ला खेलकूद विकास समितिले खेलकूदका लागि रकम माग गरेको हुँदा खेल महोत्सव सञ्चालन शीर्षकबाट रु. ५०००००/- उपलब्ध गराउने निर्णय गरियो ।शीर्षकः खेलकुद अनुदान र खेल महोत्सव सञ्चालन ।

**निर्णय नं. ३.** प्रस्ताव नं. ३ मा छलफल गर्दा गाउँ कार्यपालिकाले मिति २०७४।११।१५ मा विद्यालय तथा अन्य संस्थाहरुलाई उपलब्ध गराउने निर्णय गरिएको रकम निम्नानुसारका शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

| क सं. | संस्थाको नाम | विनियोजित रकम | विनियोजन शीर्षक |
|---|---|---|---|
| १ | नेपाल मगर संघः | ३००००/- | साँस्कृतिक मेला, खेलकूद प्रतियोगिता तथा खेलाडी सम्मान कार्यक्रम |
| २ | जाजरकोट युवा क्रिकेट क्लबः | २००००/- | खेलकुद अनुदान र खेल महोत्सव सञ्चालन |
| ३ | नेपाल क्रान्तिकारी पत्रकार संघः | ५००००/- | सञ्चारसम्बन्धी विभिन्न कार्यक्रमहरु |
| ४ | प्रहरी कार्यालय छेडाचौरः | ५००००/- | रकम अभाव भएका योजना सञ्चालन तथा तत्काल आवश्यकता सिर्जना भई सञ्चालन गर्नुपर्ने योजनाहरु |
| ५ | ने. रा. मा. वि. स्यापीलाई विद्यार्थी झोला वितरण | १०००००/- | रकम अभाव भएका योजना सञ्चालन तथा तत्काल आवश्यकता सिर्जना भई सञ्चालन गर्नुपर्ने योजनाहरु |

**निर्णय नं ४.** प्रस्ताव नं. ४ मा छलफल गर्दा उपभोक्ता समितिका खाता संचालक पदाधिकारीलाई अभिमुखीकरण तालिम यही चैत्र महिनाको दोस्रो हप्ताभित्र दिने र सो वापत लाग्ने रकम सेवा प्रवाह र सुशासन प्रर्वद्धन गर्न पदाधिकारी तथा कर्मचारीको क्षमता अभिबृद्धिका लागि तालिम शीर्षकबाट खर्च गर्ने र सो रकम सभाहल निर्माण शीर्षकबाट रकमान्तर गरी ल्याउने निर्णय गरियो ।

**निर्णय नं. ५.** प्रस्ताव नं. ५ मा छलफल गर्दा निम्नलिखित क्रमागत योजनाको लागि **जिर अन्य .स.स. कार्यालयबाट दायित्व सरेर आउने योजना संचालनार्थ** शीर्षकबाट निम्न अनुसारको रकम विनियोजन गर्ने निर्णय गरियो ।

क। नेपाखोली गगनडाँडा सिँचाइ योजनाका लागि अधिकतम रु. २१०००००/-

ख। तिमिलेपाखामा सिँचाई कुलो ५०००००/-

ग। सिस्ने खानेपानी योजनाअधिकतम १२०००००/-

**निर्णय नं. ६.** प्रस्ताव नं. ६ मा छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ५ थालारैकर र वडा नं. ७ भिउँसमा सञ्चालन हुने मौलापूजाको लागि रु. १७०००/- प्रति वडाका दरले रु. ३४०००/- रकम उपलब्ध गराउने र सो खर्च साँस्कृतिक मेला, खेलकूद प्रतियोगिता तथा खेलाडी सम्मान कार्यक्रम शीर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७.** प्रस्ताव नं. ७ मा छलफल गर्दा तपसिल बमोजिमका योजनालाई रकम अभाव भएको र केही योजना तत्काल सञ्चालन गर्नु आवश्यक भएकोले निम्नानुसार रकम रकम अभाव भएका योजना सञ्चालन तथा तत्काल आवश्यकता सिर्जना भई सञ्चालन गर्नुपर्ने योजनाहरु शीर्षकबाट थप गर्ने तथा विनियोजन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| वटुक भैरव मन्दिर शिवालय ७ | रु. ५०००००/- रकम थप |
| वीरेन्द्र प्रा वि छाना मर्मत | रु. १०००००/- नयाँ योजना थप |
| लयाँटा मुहान हुँदै सिँचाइ मर्मत | रु. १०००००/- नयाँ योजना थप |
| लक्ष्मी प्रावि बस्नेवडा फिल्ड निर्माण | रु. १०००००/- नया योजना थप |
| हनुमान प्रावि मर्मत | रु. १०००००/- रकम थप |
| चम्मालादेवी मन्दिर | रु. ५००००/- थप |
| मालिका मन्दिर | रु. ५००००/- थप |
| खिर्तापाल मन्दिर घेराबार | रु. १०००००/- थप |
| सरस्वती आधारभूत विद्यालय शौचालय मर्मत | लागत अनुमान अनुसार गर्ने |

| | |
|---|---|
| चन्द्रज्योति आधारभूत विद्यालय शिवालय ७ मेसनरी वाल निर्माण | लागत अनुमान अनुसार विनियोजन गर्ने |
| कालिका प्रावि नर्ने शौचालय निर्माण | लागत अनुमान अनुसार विनियोजन गर्ने |

**प्रस्ताव नं. ८.** प्रस्ताव नं. ८ मा छलफल गर्दा इलाका प्रहरी कार्यालयका लागि यसै गाउँपालिकाका निवासी श्री लाल बहादुर थापाबाट कित्ता नं. ३५५ को जग्गा खरिद गर्ने र सो वापत रु. १७९८५००/- अक्षरुपि सत्र लाख अन्ठानब्बे हजार पाँच सय रुपियाँ रकम उपलब्ध गराउने गरी गरिएको सम्झौता अनुमोदन गरियो ।

**निर्णय नं. ९.** प्रस्ताव नं. ९. मा समपूरक कोषको रकम मध्ये तपसिलका योजनाहरुलाई निम्नानुसार वा कूल लागतको ५.५ प्रतिशतमा नबढ्ने गरी रकम उपलब्ध गराउने निर्णय गरियो ।

क। अल्लाना खानेपानी तथा सरसफाई आयोजना शिवालय ६ १९२५७८/-
ख। रानीपानी काउला खानेपानी तथा सरसफाइ आयोजना शिवालय ५ २४४३२७/-
ग। बडासिमाना खानेपानी तथा सरसफाइ आयोजना शिवालय ४ २८६६७०/-

**निर्णय नं. १०.** प्रस्ताव नं.१० छलफल गर्दा शिवालय गाउँपालिकाको केन्द्र सिमा ऐरेलीमा भविष्यमा बस्ती विस्तार हुने र जनघनत्व बढ्न जाने हुँदा शिवालय खानेपानी योजनाका लागि यसै गाउँपालिकाको वडा नं. ७ मा अवस्थित जुँगाखोलाको मुहानलाई छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११.** प्रस्ताव नं. ११ मा छलफल गर्दा आगामी दोस्रो गाउँ सभाको अधिवेशन यही २०७४ साल चैत्र महिनाको २० देखि २५ गते भित्र आव्हान गर्ने र दोस्रो गाउँ सभाको तयारी शुरु गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२.** प्रस्ताव नं. १२ मा छलफल गर्दा पिछडिएको क्षेत्र सिफारिस दस्तुर त्रुटिवश यस अघि रु. ५००/- लिइँदै आएको मा २०७४।११।२४ देखि रु. १००/- लिने र यो निर्णयलाई आगामी गाउँ सभाबाट पारित गराउने निर्णय गरियो ।

**निर्णय नं. १३.** यस गाउँपालिका वडा कार्यालय तथा गाउँपालिका व्यवस्थापन गर्न ११ थान सोलार सिस्टम खरिदका लागि सिलबन्दी दरभाउपत्र आव्हान गरिएकोमा सबै सोलार सिस्टम गाउँपालिका तथा वडा कार्यालयमा जडान भइसकेको र सो सिस्टमले काम गरिसकेको हुँदा स्वीकृत सिलबन्दी दरभाउपत्रदाता श्री उज्यालो उर्जा प्रालि लाई रु. १९५८०००/- रुपियाँ भुक्तानी दिने निर्णय गरियो

। विनियोजित रकमबाट अपुग भएमा मिल्दो शीर्षकबाट रकमान्तर गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४.** प्रस्ताव नं. १४ मा छलफल गर्दा यस गाउँपालिकाका वडा कार्यालयका लागि खरिद गरिएका कम्प्युटर तथा प्रिन्टरहरुको मूल्य निम्नानुसार भएको हुँदा सो खर्च अनुमोदन गरियो ।

क। ल्यापटप कम्प्युटर रु. ६२०००/- प्रति थानका दरले ९ थानको जम्मा रु.५५८०००/-
ख। प्रिन्टर+फोटोकपी मेसिन रु. ३०५०० का दरले जम्मा ९ थानको रु. २७४५००/-

**निर्णय नं. १५.** प्रस्ताव नं. १५ मा छलफल गर्दा यस गाउँपालिकामा रहने मोटरसाइकलहरुका लागि निम्नानुसार इन्धन लुब्रिकेन्टस तथा मर्मत सम्भारको मापदण्ड तोक्ने निर्णय गरियो ।

क। इन्धनः प्रति मोटरसाइकल पेट्रोल १० लिटर मासिक । नियमानुसार भ्रमण आदेश स्वीकृत गराएकोमा बाहेक शिवालय गाउँपालिकाबाहिर गएकोमा अतिरिक्त इन्धन नदिने । इन्धन सुविधा लिनका लागि नियमानुसार सवारी लगबुक भरेर मात्र लिनुपर्ने । अन्यथा इन्धन सुविधा उपलब्ध नगराउने ।

ख। लुब्रिकेन्टसः प्रति तीन महिनामा १ लिटर लुब्रिकेन्टस उपलब्ध गराउने ।

ग। गाडीको नियमित मर्मत सम्भार गर्दा मर्मत आदेश लिएर मर्मत गरेकोमा बिल बमोजिमको मर्मत खर्च उपलब्ध गराउने ।यस्तो रकम वार्षिक १००००/- भन्दा बढी हुन नहुने ।

घ। दुर्घटना मर्मतः नियमानुसार चालक अनुमतिपत्र नभइ चलाएको अवस्थामा दुर्घटना भई वा नियमानुसार भ्रमण आदेश नभई चलाएको अवस्थामा कुनै पनि मर्मत खर्च नदिने र गाउँपालिकाले मर्मत गर्नुपर्ने भएको मर्मत खर्च वापत्को रकम चालकबाट असुल उपर गर्ने ।

**निर्णय नं. १६.** प्रस्ताव नं. १६ मा छलफल गर्दा विपद् व्यवस्थापन नियमावलीमा अन्य व्यवस्था नभएसम्मका लागि निम्नानुसारको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क। गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| ख। प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग। वडा अध्यक्षहरु | सदस्य |
| घ। स्वास्थ्य संयोजक | सदस्य |
| ङ। इलाका प्रहरी कार्यालय प्रमुख | सदस्य |

च। पूर्वाधार विकास शाखा प्रमुख सदस्य

छ। सामाजिक विकास शाखा प्रमुख सदस्य

ज। शिवालय गाउँपालिकाको स्थानीय तहको निर्वाचनमा अध्यक्षको पदमा उम्मेदवारी दिएका दलका प्रमुख वा प्रतिनिधि सदस्य

झ। स्थानीय रेडक्रसको प्रमुख वा प्रतिनिधि सदस्य

ञ। शिवालय गाउँपालिकाभित्रका पत्रकार संस्थाका प्रतिनिधि सदस्य

ट। स्थानीय उद्योग वाणिज्य संघका प्रमुख वा प्रतिनिधि सदस्य

ठ। शिवालय गाउपालिकाभित्र कार्यरत गैसस संघका प्रमुख वा प्रतिनिधि सदस्य

ड। प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत वा रा प अनं प्रथम स्तरको कर्मचारी सदस्य सचिव

**निर्णय नं. १७.** प्रस्ताव नं. १७ मा छलफल गर्दा यस गाउँपालिकामा सञ्चालित आँखा तथा कान शिविरको सञ्चालन वापत् रु. २०००००/- मा नबढ्ने गरी बिल बमोजिमको रकम आँखा शिविर संचालन शीर्षकबाट जिल्ला रेडक्रस सोसाइटी जाजरकोट र पहाडी क्षेत्र विकास अभियान जाजरकोटलाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १८.** प्रस्ताव नं. १८ मा छलफल गर्दा यस गाउँपालिकाको गाउँसभाले बजेट विनियोजन गरेका योजनाहरुको लागत अनुमानअनुसार अपुग रकम रकम अभाव भएका योजना सञ्चालन तथा तत्काल आवश्यकता सिर्जना भई सञ्चालन गर्नुपर्ने योजनाहरुबाट बजेट सीमा भित्र रही रकम थप गर्ने निर्णय गरियो र यसको अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

यस गाउँपालिकामा सञ्चालित योजनाहरु कार्यान्वयन गर्ने क्रममा वातवरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने हुन सक्ने भए पनि हाल कर्मचारी अभाव भएको, स्थानीय तह हालै मात्र स्थापना भएको र विकास निर्माणमा असर पर्न सक्ने भएकोले आर्थिक वर्ष २०७४/७५ र २०७५/७६ का लागि वातवरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षण नगरी योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

आजको बैठक यहीँ समापन गरियो ।

उपर्युक्त बमोजिमका निर्णयहरु मिति २०७४।११।२३ मा जाजरकोट जिल्लाको खलंगास्थित होटल हिमालयको सभाहलमा पारित गरिएको व्यहोरा प्रमाणित गर्दछु ।

हस्ताक्षरः

नाम थरः रविन्द्र बुढा क्षेत्री

पदः प्रमुख प्रशासकीय अधिकृत

मितिः २०७४।११।२३